# आर्थिक वर्ष २०२५(२०८१/८२)

# वार्षिक प्रतिवेदन

# Annual Progress Report 2025 (2081/82)

December 31, 2025

## सुदूरपश्चिम विश्वविद्यालय

## केन्द्रीय क्याम्पस

## शिक्षाशास्त्र केन्द्रीय विभाग

स्थापना २०३७ ( तत्कालीन सिद्धनाथ बहुमुखी क्याम्पस)

महेन्द्रनगर, कञ्चनपुर

Phone 099522612,

website : https://education.fwu.edu.np/, Email : education@fwu.edu.np

# वार्षिक प्रगति प्रतिवेदन प्रकाशन समिति


संयोजक

डा.मदन सिंह देउपा

विभागीय प्रमुख

सदस्यहरू

डा.गम्भीर बहादुर चन्द

डा.यज्ञराज पाण्डेय

विमला शाह

विनोद प्रसाद जोशी

# विषय सूची


कार्यकारी सारांश (Executive Summary)........ १

१. पृष्ठभूमि (Background)........ २

२. प्राज्ञिक/शैक्षिक प्रगति (Academic Progress)........ ३

२.१ भर्ना प्रवृत्ति विश्लेषण (Enrollment Trend Analysis)........ ३

२.२ उत्तीर्ण दर प्रवृत्ति विश्लेषण (Pass Rate Trend Analysis)........ ४

२.३ दिक्षित दर प्रवृत्ति विश्लेषण (Graduation Trend Analysis)........ ६

२.४ शैक्षिक कार्यक्रमहरू (Academic Programmes)........ ६

२.५ शैक्षणिक विधिहरू (Educational Pedagogy)........ ७

३. भौतिक प्रगति (Physical Progress)........ ७

३.१ पूर्वाधार विकास (Infrastructural Development)........ ७

३.२ शैक्षिक सामाग्री र उपकरणहरू (Educational Aids and Equipments)........ ८

३.३ पुस्तक, जर्नल र सन्दर्भ सामग्रीहरू (Books/Journals/Reference Materials)........ ८

३.४ फर्निचरहरू (Furniture)........ ९

४.वित्तीय प्रगति (Financial Progress)........ ९

४.१. आय Income/Resources)........ ९

४.२ खर्च बिश्लेषण (Analysis of Expenditures)........ १०

४.२.१ चालु खर्च (Operating Expenses)........ १०

४.२.२ पूँजीगत खर्च (Capital Expenditure)........ १०

४.३ गत वर्षको लेखापरीक्षण अवलोकन, सुझाव तथा समस्या न्यूनीकरणका प्रयासहरू (Audit Observations, Recommendation and Steps Taken to Mitigate the Issues of Last Year)........ ११

५. मानव संसाधन प्रगति (Human Resource Progress)........ १२

६. सामाजिक प्रगति (Social Progress)........ १३

७. क्षमता अभिवृधि तथा अनुसन्धान कार्य........ १३

८. समस्या तथा चुनौतीहरू (Issues and Challenges)........ १४

८.१ समस्या तथा चुनौतीहरू न्यूनीकरणका उपायहरू (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges)........ १४

९. संस्थागत सुशासन........ १६

अनुसूचीहरू :........ १७

# कार्यकारी सारांश (Executive Summary)

नेपाल सरकारको लगानीमा २०६७ सालमा स्थापना भएको सुदूरपश्चिम विश्वविद्यालयको केन्द्रीय क्याम्पस शिक्षाशास्त्र केन्द्रीय विभाग (तत्कालीन सामुदायिक शैक्षिक संस्थाको रूपमा वि.सं. २०३७ सालमा स्थापित सिद्धनाथ बहुमुखी क्याम्पसले शैक्षिक उन्नयनमा विविध उपलब्धी र चुनौतीहरूका साथ आफ्नो स्थापनाको ४५ औं वर्षमा प्रवेश गरेको छ। वि.सं. २०३७ सालमा स्थापना भएको सिद्धनाथ बहुमुखी क्याम्पस २०६७ सालमा सुदूरपश्चिम विश्वविद्यालयको ऐन संविधान सभाबाट पारित भएपश्चात सुदूरपश्चिम विश्वविद्यालयको केन्द्रीय क्याम्पसको रुपमा सञ्चालन हुँदै आएको छ। यसै केन्द्रीय क्याम्पस अर्न्तगत शिक्षाशास्त्र केन्द्रीय विभाग रहेको छ। २०६९ साल देखि विभागका रुपमा सञ्चालनमा आएको यस विभागमा हाल स्नातक तहमा गणित शिक्षा, अग्रेजि शिक्षा, स्वास्थ्य तथा शारिरिक शिक्षा, नेपाली शिक्षा, कम्प्युटर विज्ञान शिक्षा, प्रोफेस्नल स्नातक अर्न्तगत नेपाली, व्यवसायिक व्यवस्थापन, सामाजिक अध्यन र स्नातकोत्तर तहमा गणित शिक्षा, अग्रेजि (TESOL) शिक्षा, स्वास्थ्य तथा शारिरिक शिक्षा, नेपाली शिक्षा, पाठ्यक्रम योजना तथा नेतृतव (CPL) र विशेस आवश्यकता शिक्षा (SNE) सञ्चालनमा आएको छ।

शिक्षाशास्त्र विभागका विभिन्न कार्यक्रमहरूमा भर्ना भएका विद्यार्थीहरूको तथ्याङ्कलाई दृष्टिगत गर्दा शैक्षिक सत्र शै.व.२०८०।८१ मा ७८२ जना, २०८१।८२ मा ८८५ जना र आ.व.२०८२।८३ मा ९०४ जना विद्यार्थी संख्या देखिएको छ । यस प्रतिवेदनको तिन वर्षको तथ्याङ्कमा विद्यार्थी भर्ना संख्या बढ्दो रूपमा रहेको पाइएको छ। हाल यस विभागले तत्कालीन सिद्धनाथ बहुमुखि क्याम्पसको पुरानो भवनमा शैक्षिक तथा प्रशासनिक कार्य गर्दै आएको छ र यसै आर्थिक वर्षमा शिक्षाशास्त्र विभागको छुट्टै भवनको निर्माण कार्य थालिने गरि प्रक्रिया अगाडी वढेको छ । सु.प.वि. केन्द्रीय पुस्तकालय समग्र सुदूरपश्चिच प्रदेशकै सबैभन्दा ठूलो पुस्तकालयको रुपमा रहेको छ। यसमा जम्मा ८०,९१० भन्दा बढी पुस्तकहरू रहेका छन्। सु.प.वि. केन्द्रीय क्याम्पस शिक्षाशास्त्र केन्द्रीय विभाग देशकै अग्रणी शैक्षिक संस्थाको रूपमा विकसित भइरहेको भए तापनि भौतिक पूर्वाधार तथा उपकरणहरूको अपर्याप्तता, प्राविधिक बिषय सञ्चालन गर्न नीतिगत समस्या, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा समस्या, उच्च शिक्षक विद्यार्थी अनुपात, विद्यार्थी उत्तीर्ण दरमा उल्लेख्य सुधार हुन नसकेका जस्ता समस्या तथा चुनौतीहरू विद्यमान रहेका छन्। विद्यमान समस्याहरू समाधान गर्न शिक्षाशास्त्र केन्द्रीय विभागको ५ बर्षे रणनीतिक विकास योजनाको समीक्षा गर्ने र आगामी ५ वर्षका लागि रणनीतिक विकास योजना (सन् २०२६-३०) तर्जुमा गरिने छ। विश्वविद्यालय अनुदान आयोगको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन नियमावली समेतलाई मध्यनजरमा राखी शिक्षाशास्त्र केन्द्रीय विभागका शैक्षिक, प्राज्ञिक, अनुसन्धानमूलक र प्रशासकीय गतिविधिहरूको गुणस्तर अभिबृद्धिका लागि क्याम्पसमा आन्तरिक गुणस्तर सुनिश्चितता सम्बन्धी कार्यहरू गर्न आन्तरिक गुणस्तर सुनिश्चितता समितिलाई अझै क्रियाशील बनाइने छ।

# १. पृष्ठभूमि (Background)

सुदूरपश्चिम प्रदेश अन्तरगत कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका महेन्द्रनगरमा अवस्थित सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस अन्तरगत शिक्षाशास्त्र केन्द्रीय विभागको स्थापना २०६७ सालमा भएकोमा हाल यस केन्द्रीय विभाग अन्तरगत स्नातक एवम् स्नातकोत्तर तहमा विभिन्न विषयहरु- नेपाली शिक्षा, स्वास्थ्य शिक्षा, अंग्रेजी शिक्षा, गणित शिक्षा, पाठ्यक्रम योजना तथा नेतृत्व, कम्प्युटर विज्ञान, विशेस आवश्यकता शिक्षामा सेमेष्टर प्रणाली अनुसार अध्यापनको कार्य सञ्चालित छ । हाल यस केन्द्रीय विभागमा स्नातक एवम् स्नातकोत्तर गरी कुल विद्यार्थी संख्या ९५७ जना अध्ययनरत छन् । विभागमा हाल १ जना प्राध्यापक, ३ जना सहप्राध्यापक र १९ जना उपप्राध्यापक २ जना शिक्षण सहायक पूर्णाकालीन करार शिक्षक गरी जम्मा २५ जना शिक्षकहरू कार्यरत रहेका छन् । कर्मचारी तर्फ सहायक प्रशासक १ जना, हेड असिस्टेन्ट २ जना, कार्यालय सहयोगी १ जना, गरी जम्मा ४ जना रहेका छन् ।

यस विभागको आधार भनेको तत्कालिन सिद्धनाथ बहुमुखि क्याम्पस हो । जस्को स्थापना वि.सं. २०३७ सालमा भएको हो । यस क्षेत्रकै अग्रणी क्याम्पसका रूपमा यसको स्थान रहदै आएको छ । यस क्षेत्रमा डोटी क्याम्पस र सिद्धनाथ विज्ञान क्याम्पस मात्रै सञ्चालनमा भइरहेको अवस्थामा भौगोलिक परिवेशले केन्द्रविन्दु रहेको कञ्चनपुरमा उच्च शिक्षाको महसुस गरियो र तत्पश्चात वि.सं.२०३७ सालमा क्याम्पसका निम्ति जनसहभागिता जुर्मुरियो । शिक्षाविदहरु र बुद्धिजीवीहरूको सल्लाहमा महेन्द्रनगर स्थित वडा नं. १८ मा रहेको स्थानलाई उपयुक्त ठानी २१ बिगाहा जमिन र सो भित्रको सालको रूखसमेत प्रयोगमा ल्याई क्याम्पस सञ्चालन गर्ने निर्णय गरियो ।

कञ्चनपुर जिल्लामा शिक्षाको चेतना नभएको अवस्थामा वि.सं. २०३७ सालमा यस क्षेत्रमा क्याम्पस हुनुपर्छ भनेर जमर्को गरियो तर तत्कालीन परिस्थितिमा त्रि.वि.बाट निजी क्षेत्रलाई क्याम्पस सञ्चालनका लागि अनुमति दिने नियम नभएकाले त्यो शैक्षिक प्रयास अघि बढ्न सकेन । कञ्चनपुर जिल्ला भौगोलिक दृष्टिले पनि सुदूरपश्चिमकै केन्द्रबिन्दू रहेको, अन्नको भण्डार, भूगोलले मध्यविन्दू र महाकाली तथा कर्णालीका बीचमा रहनुले पहाडी जिल्लाको बसाइसराई तीव्र रूपले बढ्दै गयो । जनस्तरमा शैक्षिक जनलहर उत्साहप्रद रूपमा देखापर्‍यो । बुद्धिजीवी, समाजसेवी, स्थानीय प्रशासन सबैको प्रयासबाट सामुदायिक क्याम्पस खोल्ने अभियान आरम्भ भयो ।

२०४२ सालमा नेपालमा बहुविश्वविद्यालयको अवधारण आए पश्चात यस क्षेत्रमा विश्वविदालय हुनुपर्छ भनेर यस क्षेत्रका शिक्षाविद, बुद्धिजिविहरुले २०५७ साल देखि सो कुरा उठाउदै आउनु भयो । २०६५ सालमा नेपाल सरकारबाट सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको घोषणा भयो । पछि २०६७ असार ३ गते सविंधान सभावाट कञ्चनपुर जिल्लामा रहेका त्रिभुवन विश्वविद्यालयको आगिंक क्याम्पस सिद्धनाथ विज्ञान क्याम्पस र सम्बन्धन प्राप्त क्याम्पस सिद्धनाथ बहुमुखि क्याम्पसमा सुदूरपश्चिम विश्वविद्यालयको स्थापना गर्न ऐन पारित भयो । २०६९ सालदेखि सुदूरपश्चिम विश्वविद्यालये औपचारीक रुपमा आफ्नो पाठ्क्रम लागु गरे सगैं यस शिक्षाशास्त्र केन्द्रीय विभागको स्थापना भयो । विभिन्न आरोह अवरोहहरु पार गर्दै आज शिक्षाशास्त्र विभाग यस विश्वविद्यालयकै अग्रणि शैक्षिक संस्था भएको छ ।

# २. प्राज्ञिक/शैक्षिक प्रगति (Academic Progress)

सु.प.वि. शिक्षाशास्त्र केन्द्रीय विभागको शैक्षिक प्रगतिलाई विद्यार्थी भर्ना तथा परीक्षाफलको आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

## २.१ भर्ना प्रवृत्ति विश्लेषण (Enrollment Trend Analysis)

सु.प.वि. शिक्षाशास्त्र केन्द्रीय विभागमा तिन वर्ष यताको शैक्षिक सत्रमा भर्ना भएका कूल विद्यार्थी संख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

Table No 1: Enrollment Trend Analysis

| Level | Class / Program | 2080/81 | | | | 2081/82 | | | | 2082/83 | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Male | Female | Others | Total | Male | Female | Others | Total | Male | Female | Others | Total |
| Professional B.Ed | Professional B.Ed. | 0 | 0 | 0 | 0 | 10 | 12 | 0 | 22 | 11 | 12 | 0 | 23 |
| **Professional B.Ed** | **Total** | **0** | **0** | **0** | **0** | **10** | **12** | **0** | **22** | **11** | **12** | **0** | **23** |
| Bachelor | Bachelor Of Education CSIT | 59 | 61 | 0 | 120 | 69 | 67 | 0 | 136 | 53 | 69 | 0 | 122 |
| Bachelor | Bachelor Of Education MATH | 24 | 5 | 0 | 29 | 32 | 10 | 0 | 42 | 42 | 16 | 0 | 58 |
| Bachelor | Bachelor Of Education(Eng) | 31 | 73 | 0 | 104 | 28 | 86 | 0 | 114 | 44 | 104 | 0 | 148 |
| Bachelor | Bachelor Of Education(Health) | 12 | 184 | 0 | 196 | 13 | 166 | 0 | 179 | 19 | 140 | 0 | 159 |
| Bachelor | Bachelor Of Education(nepali) | 32 | 163 | 0 | 195 | 32 | 224 | 0 | 256 | 50 | 257 | 0 | 307 |
| **Bachelor** | **Total** | **158** | **486** | **0** | **644** | **174** | **553** | **0** | **727** | **208** | **586** | **0** | **794** |
| Master | Graduate In Health | 3 | 19 | 0 | 22 | 3 | 16 | 0 | 19 | 3 | 9 | 0 | 12 |
| Master | Graduate In Math | 14 | 1 | 0 | 15 | 6 | 0 | 0 | 6 | 2 | 0 | 0 | 2 |
| Master | Graduate In Nepali | 6 | 40 | 0 | 46 | 5 | 40 | 0 | 45 | 2 | 25 | 0 | 27 |
| Master | Graduate In SNE | 11 | 2 | 0 | 13 | 8 | 2 | 0 | 10 | 3 | 0 | 0 | 3 |
| Master | Graduate Level | 16 | 26 | 0 | 42 | 13 | 35 | 0 | 48 | 11 | 24 | 0 | 35 |
| Master | MED CPL | 0 | 0 | 0 | 0 | 3 | 5 | 0 | 8 | 3 | 5 | 0 | 8 |
| **Master** | **Total** | **50** | **88** | **0** | **138** | **38** | **98** | **0** | **136** | **24** | **63** | **0** | **87** |
| **Grand Total** | **Grand Total** | **208** | **574** | **0** | **782** | **222** | **663** | **0** | **885** | **243** | **661** | **0** | **904** |
| YoY Growth (%) | | — | | | | 13% | | | | 2% | | | |

Source : Administrative Record of FWU CDE , 2025

शिक्षाशास्त्र विभागको कूल विद्यार्थी भर्ना संख्यालाई दृष्टिगत गर्दा विभिन्न कार्यक्रम अनुसार विद्यार्थी भर्नादरमा भिन्नता रहेको देखिन्छ। माथि तालिका नं. १ मा ३ वटा शैक्षिक सत्रको विद्यार्थी भर्ना दरको संख्या क्रमशः हेर्दा शै.व.२०८०।८१ मा ७८२ जना, २०८१।८२ मा ८८५ जना र आ.व.२०८२।८३ मा ९०४ जना विद्यार्थी संख्या देखिएको छ । २०८२।८३ को तथ्यांकमा स्नातकोत्तर तहको नयां भर्ना हुने विद्यार्थी संख्या समावेस गरिएको छैन। यो रिपोर्ट तयार पार्दा सम्म विद्यार्थीहरुको प्रवेश परिक्षा नभएकाले करिव १२० जना विद्यार्थी थप हुने अनुमान गरिएको छ । लैङ्गिताका आधारमा विश्लेषण गर्दा पुरुस भन्दा महिलाको संख्या उल्लेखिय रहेको छ। पच्छिलो समयमा समाजमा आएको जनचेतनाले महिला लाई पनि साक्षर भइ आत्मनिर्भर हुनुपर्ने चेतनाको विकास भएको देखिन्छ। यो एकदमै राम्रो पक्ष हो। महिलाको तुलनामा पुरुसको संख्या कम हुनुको कारण पच्छिल्लो समयमा विदेश पलायन हुनेको संख्या बढ्दोरुपमा रहेको छ । यसले उच्चशिक्षा अध्ययन भन्दापनि विदेश जाने प्रबृत्तीले गर्दा भविस्यमा नेपालमा दक्ष जनशक्तिको अभाव रहने सम्भावना बढ्ने देखिन्छ ।

## २.२ उत्तीर्ण दर प्रवृत्ति विश्लेषण (Pass Rate Trend Analysis)

यस विभागमा विभिन्न वर्ष परीक्षामा सामेल भई उत्तीर्ण विद्यार्थीहरूको संख्या र उत्तीर्ण प्रतिशतलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

Table No 2: Pass Rate Trend Analysis

**Academic Year 2023**

| Programme | Semester | Appeared | | | Pass | | | Pass Percent | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Total | Male | Female | Total | Male | Female | Total | Male | Female |
| B.Ed. | 1st | 160 | 52 | 108 | 37 | 15 | 22 | 23.13 | 28.85 | 20.37 |
| | 2nd | 130 | 38 | 92 | 43 | 16 | 27 | 33.08 | 42.11 | 29.35 |
| | 3rd | 187 | 46 | 141 | 36 | 18 | 18 | 19.25 | 39.13 | 12.77 |
| | 4th | 165 | 44 | 121 | 58 | 27 | 31 | 35.15 | 61.36 | 25.62 |
| | 5th | 175 | 32 | 143 | 72 | 21 | 51 | 41.14 | 65.63 | 35.66 |
| | 6th | 160 | 31 | 129 | 91 | 20 | 71 | 56.88 | 64.52 | 55.04 |
| | 7th | 157 | 32 | 125 | 90 | 21 | 69 | 57.32 | 65.63 | 55.20 |
| | 8th | 151 | 32 | 119 | 125 | 29 | 96 | 82.78 | 90.63 | 80.67 |
| M.Ed | 1st | 57 | 17 | 40 | 24 | 7 | 17 | 42.11 | 41.18 | 42.50 |
| | 2nd | 52 | 14 | 38 | 24 | 6 | 18 | 46.15 | 42.86 | 47.37 |
| | 3rd | 38 | 20 | 18 | 32 | 15 | 17 | 84.21 | 75.00 | 94.44 |
| | 4th | 0 | | | 0 | | | | | |

**Academic Year 2024**

| Programme | Semester | Appeared | | | Pass | | | Pass Percent | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Total | Male | Female | Total | Male | Female | Total | Male | Female |
| B.Ed. | 1st | 163 | 39 | 124 | 66 | 17 | 49 | 40.49 | 43.59 | 39.52 |
| | 2nd | 138 | 32 | 106 | 77 | 20 | 57 | 55.80 | 62.50 | 53.77 |
| | 3rd | 118 | 36 | 82 | 25 | 11 | 14 | 21.19 | 30.56 | 17.07 |
| | 4th | 106 | 32 | 74 | 46 | 13 | 33 | 43.40 | 40.63 | 44.59 |
| | 5th | 146 | 40 | 106 | 74 | 27 | 47 | 50.68 | 67.50 | 44.34 |
| | 6th | 132 | 40 | 92 | 89 | 30 | 59 | 67.42 | 75.00 | 64.13 |
| | 7th | 147 | 31 | 116 | 81 | 21 | 60 | 55.10 | 67.74 | 51.72 |
| | 8th | 141 | 31 | 110 | 123 | 25 | 98 | 87.23 | 80.65 | 89.09 |
| M.Ed | 1st | 51 | 17 | 34 | 24 | 7 | 17 | 47.06 | 41.18 | 50.00 |
| | 2nd | 44 | 12 | 32 | 25 | 7 | 18 | 56.82 | 58.33 | 56.25 |
| | 3rd | 50 | 13 | 37 | 43 | 12 | 31 | 86.00 | 92.31 | 83.78 |
| | 4th | 49 | 12 | 37 | 47 | 12 | 35 | 95.92 | 100.00 | 94.59 |

**Academic Year 2025**

| Programme | Semester | Appeared | | | Pass | | | Pass Percent | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Total | Male | Female | Total | Male | Female | Total | Male | Female |
| B.Ed. | 1st | 171 | 37 | 134 | 85 | 20 | 65 | 49.70 | 54.05 | 48.51 |
| | 2nd | 0 | | | 0 | | | 0 | 0.00 | 0.00 |
| | 3rd | 132 | 29 | 103 | 52 | 16 | 36 | 39.39 | 55.17 | 34.95 |
| | 4th | 0 | | | 0 | | | 0 | 0.00 | 0.00 |
| | 5th | 100 | 30 | 70 | 0 | | | 0 | 0.00 | 0.00 |
| | 6th | 0 | | | 0 | | | | | |
| | 7th | 0 | | | 0 | | | | | |
| | 8th | 0 | | | 0 | | | | | |
| M.Ed | 1st | 42 | 11 | 31 | 28 | 8 | 20 | 66.66 | 72.727 | 64.52 |
| | 2nd | 0 | | | 0 | | | | | |
| | 3rd | 44 | 12 | 32 | 32 | 9 | 23 | 72.72 | 75 | 71.88 |
| | 4th | 0 | | | 0 | | | | | |
| P.B.ED. | 1st | 23 | 10 | 13 | 17 | 9 | 8 | 73.91 | 90 | 61.54 |

Source: FWU, Office of the Controller of Examination, 2025

माथिको तालिका नं. २ को विश्लेषण गर्दा सुरुका भर्ना वर्षहरूमा विद्यार्थीहरूको भर्ना दरको सख्याका आधारमा उत्तीर्ण दर अलि कम देखिएको छ जसले गर्दा विद्यार्थीको उत्तीर्ण दर कम देखिन गएको हो जसको कारण विद्यार्थीहरू उच्चशिक्षाबाट क्याम्पस स्तरको पठनपाठन तथा वातावरणमा प्रवेश गर्दा क्याम्पस स्तरको पठनपाठन तथा वातावरण बुझ्न र घुलमिल हुन समय लागेको हुन सक्छ तर अन्य विश्वविद्यालय र यस विश्वविद्यालयका अन्य क्याम्पस तथा विभागको नतिजा प्रतिशत हेर्दा यस विभागको उत्तीर्ण दर सन्तोषजनक नै रहेको देखिन्छ । विद्यार्थीहरू अन्तिम तिरका सेमेस्टरहरुको परीक्षाहरूमा अधिकांश विद्यार्थीहरू उत्तीर्ण भएको देखिन्छ जहाँ ४० देखि ९० प्रतिशतसम्म विद्यार्थीहरू उत्तीर्ण भएको देखिन्छ । जुन राम्रो नतिजाको रूपमा लिन सकिन्छ । माथि तालिकामा सेमेस्टर प्रणालीको विद्यार्थीहरूको उत्तीर्ण दर अन्तिम सेमेस्टरको भन्दा शुरुका सेमेस्टरको नतिजा न्यून नै देखिएको छ । जसको कारण विद्यार्थीहरू सेमेस्टर प्रणालीका लागि नयां भई सेमेस्टर प्रणाली बुझ्नमा समय लागेको हुन सक्छ भने अर्को प्रमुख कारण विद्यार्थीहरूको अध्ययन गर्ने तरिका गाइड तथा सोलुसन बुक जस्ता सामाग्री पढी पास गर्ने बानीको विकास भएकोमा सु.प.वि.मा पठनपाठन हुने विषयहरूको लागि त्यस्ता अध्ययन गर्ने सामाग्री तथा स्रोतको अभाव देखिन्छ ।

## २.३ दिक्षित दर प्रवृत्ति विश्लेषण (Graduation Trend Analysis)

शिक्षाशास्त्र विभागमा विभिन्न वर्ष तह पार गर्ने विद्यार्थीहरुको (Graduates) को संख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

Table No 3: Year-Wise Graduation Trend of Students (2023-2025)

| A.Y | Bachelor Level | | | Masters Level | | | Total Both Level | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Total | Male | Female | Total | Male | Female | Total | Male | Female |
| 2023 | 60 | 19 | 41 | 70 | 9 | 61 | 130 | 28 | 102 |
| 2024 | 97 | 29 | 68 | 62 | 18 | 44 | 159 | 47 | 112 |
| 2025 | 86 | 18 | 68 | 62 | 18 | 44 | 148 | 36 | 112 |

Source: FWU, Office of the Controller of Examination, 2025

माथि तालिका नं. ३ को तथ्याङ्कलाई दृष्टिगत गर्दा शैक्षिक सत्र २०२३ मा १३० जना, शैक्षिक सत्र २०२४ मा १५९ जना, शैक्षिक सत्र २०२५ मा १४८ जना विद्यार्थीहरूले स्नातक र स्नातकोत्तर तहको शैक्षिक उपाधी हासिल गरेका थिए ।

## २.४ शैक्षिक कार्यक्रमहरू (Academic Programmes)

यस शिक्षाशास्त्र केन्द्रीय विभागमा देहाय बमोजिमका शैक्षिक कार्यक्रमहरु सञ्चालनमा रहेका छन ।

Table No. 4: Academic Programmes

| Level | Programme | Duration |
|---|---|---|
| Bachelor | B.Ed. Nepali | 4 Year - 8 Semester |
| | B.Ed. English | 4 Year - 8 Semester |
| | B.Ed. Health | 4 Year - 8 Semester |
| | B.Ed. CSIT | 4 Year - 8 Semester |
| | B.Ed. Math | 4 Year - 8 Semester |
| Professional Bachelor | Nepali | 1 year 2 Semester and teaching practices |
| | Business Management | 1 year 2 Semester and teaching practices |
| | Social Science | 1 year 2 Semester and teaching practices |
| Masters | M.Ed. Nepali | 2 year-4 Semester |
| | M.Ed. TESOL | 2 year-4 Semester |
| | M.Ed. Health | 2 year-4 Semester |

| | | |
|---|---|---|
| | M.Ed. CPL | 2 year-4 Semester |
| | M.Ed. Math | 2 year-4 Semester |
| | M.Ed. SNE | 2 year-4 Semester |

### २.५ शैक्षणिक विधिहरू (Educational Pedagogy)

यस शिक्षाशास्त्र विभागले सेमेष्टर प्रणलीमा आधारीत पठनपाठनका विधिहरू अवलम्बन गरेको छ । कक्षाकोठाहरूमा मल्टीमिडिया प्रोजेक्टरको व्यवस्था गरिएको छ । यसबाट विद्यार्थी केन्द्रीत शिक्षण सिकाइ विधि अपनाउनमा मद्दत पुगेको छ । सेमेस्टर प्रणाली अन्तर्गत आन्तरिक मुल्यांकन अर्न्तगत प्रस्तुतीकरण विधि , परियोजना कार्यविधि, असाइनमेन्ट, मध्यसत्र परिक्षा, Quiz , Term Paper Writing जस्ता बिधिहरु समावेस गरिएका छन् ।

## ३. भौतिक प्रगति (Physical Progress)

सु.प.वि. शिक्षाशास्त्र केन्द्रीय विभागको भौतिक प्रगतिलाई पूर्वाधार विकास, शैक्षिक सहयोग तथा उपकरणहरू, फर्निचर, पाठ्यपुस्तक, जर्नल र सन्दर्भ सामाग्रीहरूको उपलब्धताको आधारमा विश्लेषण गरिएको छ ।

### ३.१ पूर्वाधार विकास (Infrastructural Development)

शिक्षाशास्त्र विभागमा शिक्षण-सिकाई क्रियाकलापहरूलाई सहजीकरण गनर्को लागि देहाय बमोजिमका भौतिक पुर्वाधारहरु रहेका छन ।

१. जग्गा : २० विगाहा ( केन्द्रीय क्याम्पसको नाममा )

२. भवन : शैक्षिक भवन १ (१३ कक्षाकोठा) प्रशासनिक भवन १ (८ कोठा) शिक्षाशास्त्र विभाग अर्न्तगत

३. कम्प्युटर प्रयोगशाला संख्या - १

४. सभा हल - १ वटा

५ क्यान्टिन - १ वटा (केन्द्रीय क्याम्पसको)

६. पुस्तकालय -१ वटा (केन्द्रीय पुस्तकालय)

७ खेलमैदान -१ वटा

८. बगैचा : ४ वटा

९ साइकल र मोटरसाइकल स्ट्याण्ड - २ वटा

### ३.२ शैक्षिक सामाग्री र उपकरणहरू (Educational Aids and Equipments)

विद्यार्थीहरूको पठन-पाठनमा गुणस्तरीयता कायम गर्न र निर्वाध रूपमा सञ्चालन गर्न निम्नानुसारका शैक्षिक सामग्रीहरू खरिद गरिएका छन् :

- कम्प्युटर संख्या - ४९ थान
- ल्यापटप संख्या -३२ थान
- फोटोकपी मेसिन - ४ थान
- प्रिन्टर - ४ थान
- ओभर हेड/मल्टिमिडिया प्रोजेक्टर - ८ थान
- स्मार्ट बोर्ड - २ थान
- इन्टरनेट सर्भिस - १ लाइन जडान ( 500mbps NTC corporate premium package)
- इन्टरनेट जडिएका कम्प्युटर - ३ थान
- क्यामेरा - १ थान
- सि.सि.टि.भी. क्यामेरा - ३ थान
- पंखा - ५० थान
- इन्भर्टर - १ थान
- इन्भर्टर व्याट्री - २ थान
- हाजिरी रेकर्ड मसिन - २ थान
- AC - ६ थान

### ३.३ पुस्तक, जर्नल र सन्दर्भ सामग्रीहरू (Books/Journals/Reference Materials)

शिक्षाशास्त्र विभागको आफ्नो छुट्टै पुस्तकालय नरहेपनि केन्द्रीय पुस्तकालय प्रयोग गर्दै आइरहा छौ उक्त पुस्तकालय समग्र सुदूरपश्चिच प्रदेशकै सबैभन्दा ठूलो पुस्तकालय हो । यसमा हाल सम्म जम्मा ८०,९१० पुस्तकहरु रहेका छन । विभागीय पुस्तकालयमा १००० जति सर्न्दभ पुस्तक, ५०० भन्दा बढी मास्टर्स डिग्रीका थेसिसहरू रहेका छन्। यस्मा विभिन्न प्रकारका प्राज्ञिक जर्नलहरू पनि राखिएका छन्। पुस्तकहरू तथा अन्य पाठ्यपुस्तक र जर्नलहरूको संख्या थपिनु पर्ने देखिन्छ। जसले गर्दा विद्यार्थी, प्राध्यापक र अन्य अनुसन्धाताहरूलाई थप सहज हुनेछ । यस विभागले आ.व.२०८१।८२ मा Journal of Research in Education( JoRE) ISSN 3059-9741 जर्नल Vol. 1 प्रकासन समेत गरेको छ । यसको अन्लाइन लिंक Journal of Research in Education रहेको छ। यस आर्थिक वर्षमा Vol. 2 प्रकासन गर्ने गरि तयारी अन्तिम अवस्थामा पुगेको छ ।

### ३.४ फर्निचरहरू (Furniture)

यस विभागको पठनपाठन एवम् प्रशासनिक कार्यमा सहयोगी हुने निम्न अनुसारका फर्निचरहरू उपलब्ध छन् :

- बेन्च/डेस्क संख्या - १५५ थान
- कुर्सीहरू : ९० थान
- स्टिल दराज : २१ थान
- स्टिल र्याक : ४ थान
- सेतोपाटी : १५ थान
- काठको दराज - ४ थान
- प्लाष्टिक कुर्सीहरू - २० थान

## ४.वित्तीय प्रगति (Financial Progress)

सु.प.वि., शिक्षाशास्त्र केन्द्रीय विभागको वित्तीय प्रगतिलाई स्वआर्जित तथा सरकारी अनुदानबाट प्राप्त आम्दानी र चालू एवम् पूँजीगत खर्चको आधारमा विश्लेषण गरिएको छ ।

### ४.१. आय Income/Resources)

शिक्षाशास्त्र विभागको मुख्य आय भनेको सु.प.वि.केन्द्रीय कार्यालय वाट प्राप्त हुने नियमित सरकारी अनुदान , विद्यार्थीवाट प्राप्त शुल्क र विश्वविद्यालय अनुदान आयोग तथा प्रदेश सरकार र अन्य निकायहरु बाट कुनै शिर्षकको लागि प्राप्त हुने अनुदानहरु हुन । आम्दानीका स्रोतहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

यहां आ.व.२०८०।८१ को यर्थात आय र २०८२।८३ मा हुने अनुमानित आयलाई उल्लेख गरिएको छ ।

Table no. 5: Description of Income/Resources

| श्रोतहरु | आ.व.२०८२।८३ अनुमानित आय | आ.व.२०८१।८२ यर्थात आय | आ.व. २०८०।८१ यर्थात आय |
|---|---|---|---|
| विद्यार्थीवाट प्राप्त शुल्क | ९,५००,०००।- | ९,०३३,१६५।- | ८,७२९,४३७।- |
| केन्द्रीय कार्यालयवाट प्राप्त नियमित सरकारी अनुदान | २६,४२०,६२२।- | २५,४९१,१५६।- | २३,५३३,७६९।- |
| विश्वविद्यालय अनुदान आयोगवाट प्राप्त अनुदान | २,०००,०००।- | ९५०,०००।- | १२५,०००।- |
| प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त अनुदान | | १,५३४,४००।- | ३६६,०४५।- |

सु.प.वि. शिक्षाशास्त्र विभागको तिन वर्षको आयलाई विश्वलेषण गर्दा विद्यार्थीवाट प्राप्त शुल्क आ.व.२०८०।८१ भन्दा आ.व.२०८१।८२ मा ३०३,७२८ रुपैयाले वढेको देखिन्छ यस्को मूख्यकारण विद्यार्थी संख्या बढ्नु हो । २०८२।८३ मा पनि विद्यार्थी संख्यामा हुने बृद्धिले आयपनि वृद्धि हुने प्रक्षेपण गरिएको छ । सरकारी नियमित अनुदान पनि क्र.म.स बड्दै गएको देखिन्छ । शिक्षकको संख्यामा २ जना थप र महगीं भत्तामा गरेको बृद्धिले सरकारी नियमित अनुदान बढेको हो । यसै गरि विभागले विश्वविद्यालय अनुदान आयोगमा क्षमता अभिवृधि , अनुसन्धान कार्य , डिजिटिलाइजेसन अनुदान , समतामा आधारीत अनुदान लगायतका कार्यहरुमा प्रस्ताव पेस भएपछि स्वकृत भएकाले विश्वविद्यालय अनुदान आयोग वाट प्राप्त हुने अनुदान रकममा पनि उल्लेखिय वृद्धि भएको छ । गत आ.व. २०८१।८२ मा सुदूरपश्चिम प्रदेश सरकारले ICT व्यवस्थापनका लागि रु दशलाख वजेट सहयोग गरेको थियो भने आ.व.२०८०।८१ मा अनुसन्धान कार्यको लागि रु ३,६६,०४५।- सहयोग गरेको थियो । सु.प.वि. शिक्षाशास्त्र विभागलाई सहयोग गर्ने दातृनिकायहरु प्रति विभाग आभार प्रकट गर्दछ । विद्यार्थीहरुको शुल्क स्नातकोत्तर तहमा प्रथम सेमेष्टरको शुल्क हाल रु १२,०००।- त्यसपछिका सेमेष्टरहरुमा रु ११,०००।- रहेको छ । यसैगरि स्नातक तहमा कम्प्युटर विषयमा प्रथम सेमेष्टरको शुल्क हाल रु १३,०००।- त्यसपछिका सेमेष्टरहरुमा रु १२,५००।-, स्वास्थय तथा शारीरीक विषयमा प्रथम सेमेष्टरको शुल्क हाल रु ५२,००।- त्यसपछिका सेमेष्टरहरुमा रु ४५००।- , छ भने बाकिं विषयमा प्रथम सेमेष्टरको शुल्क हाल रु ४७,००।- त्यसपछिका सेमेष्टरहरुमा रु ४०००।- , रहेको छ ।

## ४.२ खर्च बिश्लेषण (Analysis of Expenditures)

सु.प.वि. शिक्षाशास्त्र केन्द्रीय विभागको खर्चलाई चालू खर्च र पूँजीगत खर्चको आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ चालु खर्च (Operating Expenses)

यस विभागको चालू खर्चलाई तलब शीर्षकमा गरिएको खर्च र अन्य कार्यालय सञ्चालन खर्च गरी तलको तालिकामा प्रस्तुत गरिए अनुसार दुई भागमा वर्गीकरण गरिएको छ :

Table no. 6: Operating Expenses

| आर्थिक वर्ष | जम्मा चालु खर्च | तलव ,भत्ता , अतिरिक्त तलव | अन्य चालू खर्च | विद्यार्थी छात्रवति खर्च |
|---|---|---|---|---|
| २०८२।८३ को अनुमानित खर्च | ३३,८३२,९००।- | ३०,१२०,६२२।- | २६,४२,२७८।- | ११,००,०००।- |
| २०८१।८२ यथार्थ खर्च | ३४,३५८,७२४।- | २९,५४१,७३६।- | ४०,३२,००८।- | ७,८४,९८०।- |
| २०८०।८१ यथार्थ खर्च | ३३,२९५,९२८।- | २९,५६७,०८३।- | ३०००,५३५।- | ७२८,३१०।- |

सु.प.वि. शिक्षाशास्त्र केन्द्रीय विभागको खर्चको मुख्य क्षेत्र क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरूको तलब हो । जहाँ तलब शीर्षकमा नै सम्पूर्ण आ.व.हरूमा क्रमशः खर्चको सिमा बढ्दै गएको देखिएको छ । यसै गरि अन्य चालु खर्चमा शिक्षक कर्मचारीहरुको क्षमता अभिवृधि, अनुसन्धान, विद्यार्थीहरुको तालिम सेमिनार जस्ता कार्यहरुमा समेत खर्च भएको छ ।

### ४.२.२ पूँजीगत खर्च (Capital Expenditure)

सु.प.वि. शिक्षाशास्त्र विभागको पूँजीगत खर्च अर्न्तगत फर्निचर, शैक्षिक तथा बैज्ञानिक उपकरण, कार्यालय उपकरण, मेसिनरी औजार, पाठ्यपुस्तक, सफ्टवयर, अन्य निमार्ण, विविध स्थिर सम्पतीहरु रहेका छन ।

Table no.7: Capital Expenditure

| आर्थिक वर्ष | जम्मा पूँजिगत खर्च |
|---|---|
| २०८२।८३ को अनुमानित खर्च | १,५००,०००।- |
| २०८१।८२ यथार्थ खर्च | १,७७९,८५१।- |
| २०८०।८१ यथार्थ खर्च | ७४३,४५१।- |

यस विभागमा आ.व.२०८०।८१ मा रु ७४३,४५१।-रुपैया रहेको पुँजिगत खर्च आ.व.२०८१।८२ मा वृद्धि भएर रु १,७७९,८५१।- खर्च भएको छ । यस्को मुख्य कारण यस वर्ष सुदूरपश्चिम प्रदेश सरकारले ICT व्यवस्थापनका लागि अनुदान दिएको र विश्वविद्यालय अनुदान आयोगबाट डिजिटिलाइजेसन कार्यक्रम अर्न्तगत कनेक्टीभिटिका लागि उपकरणहरु खरिद गर्नाले खर्चमा वृद्धि भएको देखिन्छ । चालु आर्थिक वर्षमा विभागको प्रशासनिक कार्यालय, स्टाफ कक्ष, RMC कार्यालयको नयां व्यवस्थापन गर्नु पर्ने र केहि कक्षाकोठाहरुको पार्टिसन गर्नु पर्ने भएकाले यस वर्ष पनि पुजिंगत खर्च केहि बढ्ने अनुमान गरिएको छ । भवन लगायतका ठुला आयोजनाहरु केन्द्रीय कार्यालयवाट सम्पन्न हुने हुंदा यस विभागको पूँजिगत खर्च ज्यादै कम भएको हो ।

## ४.३ गत वर्षको लेखापरीक्षण अवलोकन, सुझाव तथा समस्या न्यूनीकरणका प्रयासहरू (Audit Observations, Recommendation and Steps Taken to Mitigate the Issues of Last Year)

सु.प.वि. शिक्षाशास्त्र केन्द्रीय विभागले तयार गरेका वित्तीय विवरणहरू लेखाका सर्वमान्य सिद्धान्त (Generally Accepted Accounting Principles) तथा प्रचलित कानुन बमोजिम तयार गरे नगरेको सम्बन्धमा विश्वविद्यालयको ऐन बमोजिम महालेखा परिक्षकको कार्यालय बाट लेखापरीक्षण गरी सो विवरणले विभागको आय-व्ययको सही तथा यथार्थ अवस्था चित्रण गरे नगरेको सम्बन्धमा राय व्यक्त गर्ने सन्दर्भमा लेखापरीक्षण अवलोकन, प्रतिवेदनमा उठाइएका सुझावहरू र समस्याहरू न्यूनीकरणका लागि गरिएका प्रयासहरू तल प्रस्तुत गरिएका छन् :

**(क) लेखा परिक्षणवाट देखिएका व्यहोराहरु**

आर्थिक वर्ष २०८१।८२ को आन्तरिक लेखा परिक्षण सम्पन्न भएको छ भने यो रिपोर्ट तयार पार्दा सम्म महालेखापरिक्षकको कार्यालय वाट अन्तिम लेखा परिक्षण भएको छैन । आर्थिक वर्ष २०८१।८२ को आ.ले.प. रिपोर्ट अनूसुचि १ र आ.व.२०८०।८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदनहरु अनूसुचि २ मा रहेका छन ।

**(ख) लेखा सम्बन्धी टिप्पणी तथा सुझावहरू न्यूनीकरणका प्रयासहरू**

१) स्थिर सम्पत्ती खरिद गरि उक्त सम्पतीहरुको सन्दर्भमा प्रत्येक वर्ष निरिक्षण गरि के कस्तो अवस्थामा रहेका छन सो को रेकर्ड राख्ने कार्य गरिएको । साथै कुनै आ.व. मा खरिद गरिएको स्थिर सम्पत्ती सो आ.व.मा पूर्ण अथवा आंशिक रूपमा प्रयोग भएमा सो अवधिको पनि ह्रास कट्टी गर्न थालिएको छ ।

२) पेश्की रकम सोहि आर्थिक वर्षमा फछ्र्यौट गरिएको छ ।

३) विभागले सार्वजनिक खरिद नियमावली र सु.प.वि. आर्थिक प्रशासन नियमावलीको पुर्ण पालना गरेको छ ।

४) विभागले खरिद गर्ने खर्च भएर जाने सामाग्रीहरुको समेत छुट्टै रेकर्ड राखेको छ ।

५) अतिरिक्त पारिश्रमिक रकम ठूलो हुनुले शिक्षक तथा कर्मचारीले बहन गरिरहेको अतिरिक्त कक्षा/समयको भार पनि अत्यन्तै धेरै छ भन्ने बुझिन्छ । त्यसकारण केन्द्रीय कार्यालय सगं शिक्षकको दरबन्दी सृजना गरी पदपूर्तिका लागि अनुरोध गरिने छ ।

६) विभागले नेपाल सरकारका वित्तिय ऐन तथा कार्याविधिहरुको पुर्णपालना गरि वित्तिय अनुसासन पालना गरेको ।

## ५. मानव संसाधन प्रगति (Human Resource Progress)

यस सु.प.वि.शिक्षाशास्त्र केन्द्रयि विभागमा शिक्षण र प्रसासनिक सेवाका जनशक्ति रहेका छन ।

यस विभागमा रहेको जनशक्ति लाई निम्नानुसार उल्लेख गरिन्छ ।

**(क) शिक्षण सेवा**

Table No.: 8 Teacher

| पद तथा श्रेणी | संख्या | | | | | | Ph.D | M.Phil. | Ph.D Scholar |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | | पुरुस | | जम्मा | | | | |
| | स्थायी | करार | स्थायी | करार | स्थायी | करार | | | |
| प्राध्यापक | ० | ० | १ | ० | १ | ० | ० | ० | ० |
| सह प्राध्यापक | ० | ० | ३ | ० | ३ | ० | ० | ३ | ३ |
| उप प्राध्यापक | ५ | ० | १४ | ० | १९ | ० | ३ | १ | १९ |
| शिक्षण सहायक | ० | ० | ० | २ | ० | २ | ० | ० | |

हाल यस विभागमा शिक्षण तर्फको जनशक्ति जम्मा २५ जना रहेका छन जुन न्यून संख्यामा रहेका छन । यसै गरि यस विभागमा प्राध्यापक तथा सह प्राध्यापकको संख्या पनि अत्यन्तै न्यून रहेको छ । यस विभागमा कार्यरत शिक्षकहरु मध्ये ३ जना उप प्राध्यापकहरुले Ph.D सम्पन्न गरिसकेका छन भने बाकिं रहेका अध्ययनकै शिलशिलामा रहेका छन । निकट भविष्यमै सवै शिक्षकहरुले Ph.D सम्पन्न गरिसक्ने छन् ।

**क) प्रसासन सेवा**

Table No.: 9 Administration

| पद तथा श्रेणी | समुह | संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | | पुरुस | | जम्मा | |
| | | स्थायी | करार | स्थायी | करार | स्थायी | करार |
| सहायक प्रशासक | प्रशासन | १ | ० | ० | ० | १ | |
| हेड असिस्टेन्ट | प्रशासन | १ | ० | ० | ० | १ | |
| हेड असिस्टेन्ट | लेखा | ० | ० | १ | ० | १ | |
| कार्यालय सहयोगी | | ० | ० | ० | १ | | १ |

यस विभागमा हाल प्रशासनिक सेवाका कर्मचारीहरु ४ जना मात्रै रहेका छन जुन न्यून रहेका छन ।

## ६. सामाजिक प्रगति (Social Progress)

शिक्षाशास्त्र विभाग नेपाल सरकारबाट सञ्चालित विश्वविद्यालयको केन्द्रीय विभाग भएकोले विभागको प्रगतिको मुख्य पक्ष भनेको सामुदायमा रहेको सम्पूर्ण व्यक्तिहरुको सम्बन्ध रहेको हुन्छ । विभागमा सामाजिक संलग्नता अभिवृद्धिका लागि निम्न गतिविधिहरू गरिदै आएका छन् । जसअर्न्तगत निम्न बमोजिमका कार्यहरु भएका छन् ।

● समाजमा उल्लेखनीय योगदान पुर्‍याउने नागरिक समाज, उद्योगी, व्यवसायी, कानून व्यवसायी, समाजसेवी र राजनीतिक दलका प्रतिनिधिहरू सबै संग सहकार्यात्मकम सम्बन्ध रहेको छ ।

● विश्वविद्याल अनुदान आयोग तथा प्रदेश सरकार संग अनुसन्धान कार्यकालागी सहर्काय भई विभिन्न समयमा आर्थिक सहयोग प्रदान भएको ।

## ७. क्षमता अभिवृद्धि तथा अनुसन्धान कार्य

सु.प.वि. शिक्षाशास्त्र केन्द्रयि विभागले गत वर्ष देखि नै शिक्षक कर्मचारी तथा विद्यार्थीहरुको क्षमता अभिवृद्धि , पुनःताजकि तथा अनुसन्धानात्कम सेमिनार तथा गोष्ठीहरुको आयोजना गर्दै आइरहेको छ । यस शैक्षिकसत्रमा निम्नानुसारका कार्य भएका थिए ।

### आर्थिक वर्ष २०८०।८१

१. विश्वविद्यालय अनुदान आयोगवाट प्राप्त अनुदानले २०८१।०१।२१ गते देखि २३ गते सम्म शिक्षक हरुको लागि अनुसन्धान विधि  सम्बन्धी ३ दिने दिने कार्यशाला गोष्ठी सम्पन्न गरियो ।

२. वि.ए.ड. कम्प्युटरका विद्यार्थीहरुको लागि २०२४ जुन १६ र १७ मा २ दिने तालिम तथा सेमिनारको आयोजना गरियो ।

३. सुदूरपश्चिम प्रदेश सरकारले आह्वान गरेको अनुसन्धान प्रस्तावना पेश गरि छनोट भई विद्यार्थीहरुको भर्नादर र  क्याम्पस छाड्ने कारण तथा न्यूनिकरण शिर्षकमा अनुसन्धानात्मक कार्य गरियो ।

### आर्थिक वर्ष २०८१।८२

१. वि.एड. कम्प्युटरका विद्यार्थीहरुको क्षमता अभिवृद्धिका लागि २०८२ जेठ २५ र २६ गते डटनेट विषयमा २ दिने तालिम तथा सेमिनारको आयोजना गरियो ।

२. विश्वविद्यालय अनुदान आयोगवाट प्राप्त अनुदानले २०८२।०२।१५ गते देखि १७ गते सम्म शिक्षक हरुको लागि **Three-Day Research and Instructional Capacity Building** सम्बन्धी ३ दिने दिने कार्यशाला गोष्ठी सम्पन्न गरियो ।

३. विश्वविद्यालय अनुदान आयोगवाट प्राप्त अनुदानले २०८१ माघ र फागुन महिनामा डिजिटिलाइजेसन सम्बन्धी विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको लागि ३ वटा छुट्टाछुट्टै तालिम तथा सेमिनारहरु सञ्चालन गरिए ।

४. स्नातकोत्तर तहका विद्यार्थीहरुको लागि शोधपत्र लेखन सम्बन्धी २ दिने सेमिनारको आयोजना गरियो।

५.२०८० मसिंर १० गते देखि B.Ed.CSIT का विद्याथीहरुलाई १ हप्ताको लागि पोखरा शैक्षिक तथा प्राविधिक गतिविधि अवलोकनका लागि भ्रमणमा लगियो ।

६. सु.प.वि. केन्द्रीय क्याम्पसले आयोजना गरेको खेल सप्ताहमा विभागको तर्फवाट विद्यार्थीहरुले उक्त खेलमा राम्रो खेल पर्दशन गरेका छन ।

**चालु आर्थिक वर्ष २०८२।८३ मा गरेका कार्यहरु**

१.चालु आर्थिक वर्षमा पनि विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा विभिन्न कार्यहरुगर्ने योजना वनाएको छ । यस विभागले विश्वविद्यालय अनुदान आयोगद्धारा प्रदान गरिएको समतामा आधारीत अनुदानका कार्यहरु अगाडि बढी रहेका छन् ।

२. २०८२ कार्तिक २५ गते देखि  B.Ed.CSIT का विद्याथीहरुलाई १ हप्ताको लागि पोखरा र हेटौडा शैक्षिक तथा प्रावधिक गतिविधि अवलोकनका लागि भ्रमणमा लगियो ।

३ यसै गरि स्नातक तह सातौ सेमेष्टरका विद्यार्थीहरुलाई समेत २०८२।०८।१३ गते १ दिने शैक्षिक भ्रमणमा टिकापुर भ्रमण गराइयो ।

## ८. समस्या तथा चुनौतीहरू (Issues and Challenges)

सु.प.वि. शिक्षाशास्त्र विभाग देशकै अग्रणी शैक्षिक संस्थाको रूपमा विकसित भइरहेको भएता पनि यसका केही विद्यमान समस्या तथा चुनौतीहरू निम्नानुसार छन् :

● भौतिक पूर्वाधार तथा उपकरणहरूको अपर्याप्तता : विद्यार्थीहरूको बढ्दो चाप र माग अनुसार कक्षाहरू सञ्चालन गर्नका लागि उपलब्ध पूर्वाधार तथा उपकरणहरू अपर्याप्त छन् । कक्षाकोठा, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, ओभरहेड प्रोजेक्टर, स्मार्ट बोर्ड जस्ता उपकरणहरू कम पर्न गएको महसुस गरिएको छ ।

● अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा समस्या : यस क्याम्पसले विदेशका कलेज वा विश्वविद्यालयहरुसँगं सम्बन्ध कायम गर्न र विद्यार्थी तथा प्राध्यापकको आदानप्रदान मार्फत् आफ्ना प्राज्ञिक गतिविधिहरू विकसित गर्न कठिनाई भइरहेको छ ।

● शिक्षक विद्यार्थी अनुपातः सुदूरपश्चिम प्रदेशका प्रायः सबै जिल्लाबाट विद्यार्थीहरूको ठूलो चाप भएका कारण सीमित प्राध्यापक तथा भौतिक पूर्वाधारहरूले उक्त चापलाई धान्नु परेको छ ।

### ८.१ समस्या तथा चुनौतीहरू न्यूनीकरणका उपायहरू (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges)

सु.प.वि. शिक्षाशास्त्र केन्द्रीय विभागको चालु आर्थिक वर्ष २०८२।८३ र आगामी आर्थिक वर्ष २०८३/८४ का लागि निम्नानुसारका नीति तथा कार्यक्रमहरू तर्जुमा गरिएका छन :

१. रणनीतिक विकास योजना तर्जुमा सु.प.वि. शिक्षाशास्त्र केन्द्रीय विभागको आगामी ५ वर्षका लागि रणनीतिक विकास योजना (सन २०२६-२०३०) तर्जुमा गरिएको छ ।

२.सु.प.वि. शिक्षाशास्त्र केन्द्रीय विभाग सुदूरपश्चिम विश्वविद्यालयको केन्द्रीय विभाग भएकोले सुदूरपश्चिम विश्वविद्यालयको ऐन, नियम, विनियम र कार्यविधीमा व्यवस्था भए अनुसार सञ्चालन हुने छ ।

३ पूर्वाधार विकास

क. सु.प.वि.ले यस शिक्षाशास्त्र विभागको भवनको लागि नक्सा वनाइसकेकेको अवस्था छ। लगत्तै बोलपत्र आह्ानको तयारीमा रहेको छ ।

ख. सु.प.वि. शिक्षाशास्त्र विभागको नयां भवन निर्माण कार्य सम्पन्न नभए सम्मका लागि पुस्तकालय भवनको पहिलो तलामा प्रशासन, लेखा, RMC, Thesis viva room, Staff Romm , विभागीय प्रमुख कक्ष र दोस्रो तलामा कम्प्युटर ल्याव र B.Ed. CSIT का कक्षा हरुको व्यवस्थापन गरिएको छ ।

ग. विभागले प्रयोग गर्दै आइरहेको पुरानो ब्लकहरुको रंगरोगन तथा पार्टेसन कार्य गरिने छ ।

४. प्रयोगशाला, सूचना प्रविधि तथा शैक्षिक उपकरण व्यवस्थापन

क.कम्प्युटर प्रयोगशाला व्यवस्थापनका लागि विश्वविद्यालयसंग अनुमति लिई कम्प्युटर प्रयोगशाला बिस्तारका लागि आवश्यक उपकरणहरू, सामग्री र फर्निचर खरिद गरिने छन ।

ख. विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान भएको सोको उचित प्रयोग गर्ने निर्णय गरिएको छ ।

ग. मल्टिमिडिया प्रोजेक्टर र सीसी क्यामरा जडान नभएका कक्षा कोठाहरूमा स्मार्टबोर्ड र सीसी क्यामरा जडान गरिने छ ।

५. पुस्तकालय सुधार

क. विभिन्न तहका लागि थप पाठयपुस्तक र सन्र्दभ सामग्रीहरू खरिद गरिने छन ।

ख. इ- लाइब्रेरीको व्यवस्था गरिने छ ।

ग. पुस्कालयको कार्यलाई पूर्णरूपमा स्वचालित बनाइने छ ।

६. कार्यक्रम बिस्तार तथा संस्थागत क्षमता विकास

क.सुदूरपश्चिम विश्वविद्यालयको प्राज्ञिक स्वायत्तता सम्बन्धी प्रावधान अनुसार नयां शैक्षिक कार्यक्रमहरूको पाठ्यक्रम तर्जुमा गरी सो अनुसार कार्यक्रम सञ्चालन गरिने छन ।

ख. क्याम्पसको बाह्य सम्बन्ध विस्तार गर्नको लागि स्वदेशी/विदेशी अनुसन्धान केन्द्र र विश्वविद्यालयसंग सहकार्य गरिने छ ।

ग. शैक्षिक विभागहरूलाई शैक्षिक कार्यतालिका, विभागीय अनुसन्धान तथा प्रकाशन र विद्यार्थीहरूलाई अनुसन्धानमूलक कार्यमा सहभागी गराउनमा विभागीय प्रमुखहरूलाई अभिप्रेरित गरिने छ ।

घ. विश्वविद्यालय अनुदान आयोग उच्च शिक्षा सुधार परियोजना अन्तर्गत प्राध्यापकहरूको स्तरोन्नतिका लागि विभिन्न अनुसन्धानात्मक क्रियाकलापलाई निरन्तरता दिइने छ ।

ङ. प्राध्यापकहरूको शैक्षिक योग्यता र क्षमता अभिवृद्धि गर्न विद्यार्थीहरूको पठनपाठनलाई अवरोध नहुने गरी आवश्यकता अनुसार प्राध्यापकहरूलाई एम.फिल., पि.एच.डी. र अन्य अनुसन्धानमूलक कार्य गर्न सहयोग गरिने छ ।

च. विद्यार्थीहरूको उत्तीर्ण प्रतिशतमा वृद्धि गर्नको लागि पठनपाठनको कार्यलाई समयमै सम्पन्न गर्न लगाउने र पटक-पटक परीक्षा सञ्चालनको कारण समयमै विद्यार्थीहरूको पठनपाठन समाप्त नहुने भएकोले सो कार्यलाई न्यूनिकरण गर्न सार्वजनिक विदा तथा शनिबार समेत अतिरिक्त समयमा कक्षा सञ्चालन गरी सो समस्या समाधान गर्ने र साथै अति कमजोर विद्यार्थीहरूका लागि विशेष समयमा कक्षा सञ्चालन गरी पठनपाठनको कार्यलाई निरन्तरता दिइने छ ।

७. विद्यार्थी कल्याण र अतिरिक्त क्रियाकलाप

क. विद्यार्थीहरूको उत्तीर्ण प्रतिशतमा वृद्धि गर्न विद्यार्थीहरू तथा सरोकारवालाहरुसँग समयसमयमा छलफल तथा परामर्श गरी आवश्यकता अनुसार पठनपाठन कार्यलाई व्यवस्थित गरिने छ ।

ख. यस विभागमा अध्ययनरत गरीव तथा जेहेन्दार विद्यार्थीहरूलाई बढी भन्दा बढी छात्रवृतिमा सहभागी गराउन छात्रवृति छनोट प्रकृयालाई व्यवस्थित गरिने छ । साथै विद्यार्थी वित्तीय कोष लगायत अन्य निकायहरूले प्रदान गर्ने छात्रवृत्तिमा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई सहभागी गराइने छ ।

ग. रोजगारीमूलक एवम् प्रतिस्पर्धात्मक परीक्षाहरूमा विद्यार्थीहरूलाई सहभागी गराउन अभिमूखीकरण तथा परामर्शसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छन् । यस कार्यका लागि पूर्व विद्यार्थी संघको सक्रियता बढाउन पहल गरिने छ ।

घ) सीप विकासको लागि अंग्रेजी भाषा, सूचना प्रविधि र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

## ९. संस्थागत सुशासन

क. प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र गत वर्षको आर्थिक र प्राज्ञिक गतिविधिहरू समावेश गरी आर्थिक प्रतिवेदन तयार पारी सार्वजनिक गर्ने कार्य गरिने छ । विभागको आर्थिक प्रतिवेदनलाई क्याम्पसको वेबसाइटमा राखिने छ ।

ख. यस वर्षदेखि प्रत्येक आर्थिक वर्ष क्याम्पसको शैक्षिक परिक्षण (एकाडेमिक अडिट) गर्ने कार्य प्रारम्भ गरिने छ ।

१०.आन्तरिक गुणस्तर सुनिश्चितता समिति विश्वविद्यालय अनुदान आयोगको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन नियमावली समेतलाई मध्येनजरमा राखी सु.प.वि. शिक्षाशास्त्र केन्द्रीय विभागका शैक्षिक, प्राज्ञिक, अनुसन्धानमूलक र प्रशासकीय गतिविधिहरूको गुणस्तर अभिबृद्धिका लागि क्याम्पसमा आन्तरिक गुणस्तर सुनिश्चितता सम्बन्धि कार्यहरू गर्न आन्तरिक गुणस्तर सुनिश्चितता समितिको गठन गरी उक्त समितिको सचिवालयको व्यवस्थापन गरिने छ ।

**अनुसूचीहरू :**

अनुसूचि १

आ.व.२०८१।८२ को आ.ले.प. रिपोर्ट

अनुसूचि २

आ.व.२०८०।८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदन

अनुसूचि ३

आ.व.२०८२।८३ स्वकृत वजेट

अनुसूचि ४

आ.व. २०८०।८१ र २०८१।८२ वासलात